Scholars' Journal
ISSN: 2645-8381
Published by Scholars' Association of Nepal
A Multidisciplinary Peer Reviewed, Open Access Journal
DOI : https://doi.org/10.3126/scholars.v5i1.55833
https://www.nepjol.info/index.php/scholars

# घरेलु महिला हिंसा: शिवशंकरटोल, भी.न.पा.-१८ कन्चनपुरको अवस्था विश्लेषण

निर्मला कुमारी वम
उपप्राध्यापक, मानविकी तथा समाजशास्त्र विभाग
सुदूरपश्चिम विश्वविद्यालय, कन्चनपुर
Email: nbamsingh@gmail.com

**Article History: Received: 19 Oct, 2022; Revised: 5 Dec, 2022; Accepted: 6 Dec, 2022**

**लेखसार**

प्रस्तुत अनुसन्धानात्मक लेख भी.न.पा.-१८, शिवशंकर टोल कन्चनपुरमा घरेलु महिला हिंसाको अवस्था शीर्षकमा केन्द्रित रहेको छ । घरेलु हिंसाको कारण पारिवारिक स्थिति, आर्थिक, सामाजिक, राजनैतिक, वैवाहिक स्थितिसँगसम्बन्धित समस्याहरू पुरूषको तुलनामा महिलाहरू नै भोग्न बाध्य हुनुपर्ने कारणहरू, यसका रूप एवम् परिणामहरूको बारे बोध गर्नं यस अध्ययनको मुख्य उद्देश्य रहेको छ । यसको अध्ययन विधिमा वर्णनात्मक एवं विश्लेषणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरेको छ शिवशंकर टोलका २३६ घरधुरी मध्येबाट ५५ घरधुरीका महिलाहरूलाई उत्तरदाताको रूपमा संलग्न गरिएको अध्ययनमा महिलाहरूसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुराकानी, अवलोकन, घरधुरी सर्वेक्षण आदि कार्यबाट महिलाहरूले भोग्नु परेको घरेलु हिंसाको बारेमा मुख्यतया तथ्यको नजिक पुग्ने अध्ययनमा संलग्न गरिएका ५५ जना महिलाहरूको पारिवारिक स्थिति, आर्थिक, सामाजिक, राजनैतिक, वैवाहिक स्थिति लगायत हिंसाबाट पिडित हुनुको मुख्य कारणहरू, यसका रूप एवम् परिणामहरू खोतल्नु रहेको छ । महिलाहरूले भोग्नु परेका घरेलु हिंसा र यससँग सम्बन्धित सामाजिक, आर्थिक, राजनैतिक, पारिवारिक, शैक्षिक लगायतका विषयवस्तुसँग प्रत्यक्ष अप्रत्यक्ष रूपमा जोडिन आउने कुराहरूलाई उजागर गरी केही मात्रामा प्रस्फुटन गर्ने कोशिश गरिएको छ । नेपाली समाजमा गहिरो जरा गाडेको पितृसत्ता र लैङ्गिक भूमिकाका कारण महिलामाथि हुने हिंसा जहिले पनि व्याप्त छ । नेपालमा पितृसत्तामा केन्द्रित एउटा सामाजिक संरचना विद्यमान छ । महिलाहरूलाई कानुनी, आर्थिक वा सामाजिक निर्णय गर्ने कुनै स्वतन्त्रता दिइएको छैन, जसले गर्दा महिलाहरुको जीवन दिनानुदिन संकटग्रस्त हुन पुगेको छ ।

**मुख्य शब्दावली** : घरेलु महिला हिंसा, निर्णय प्रक्रिया, सामाजिक-आर्थिक अवस्था, पितृसत्तात्मक, लैङ्गिक असमानता र दुर्व्यवहार ।

## परिचय

नेपाल पितृसतात्मक समाजको रूपमा विकसित भएको कारणले गर्दा सम्पूर्ण निर्माण प्रक्रियामा एकाधिकार जमाएको अवस्था हाम्रो सामु छर्लङ्ग छ भने बाल्यकालदेखि नै महिलाहरूले

*Copyright 2022 ©Author(s)* *This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.*

सामाजिकीकरणको नाममा नरम बोल्नु पर्ने, अर्काको निर्देशनमा काम गर्नुपर्ने, घरपरिवारका अन्य सदस्यलाई खुसी पार्नु पर्ने, परिपाटी कायम रहेको छ भने केटाहरूले भने आफ्नो स्वभाव आक्रमक, कडा तथा दबाउने शैलीको हुनुपर्ने मान्यता रहेको छ । समाजमा कुनै पनि किसिमका कार्यहरूको जिम्मेवारी दिँदा होस् वा घरपरिवारमा पुरूषलाई पहिलो प्राथमिकता दिने गरेको पाइन्छ । जस्तै नेपाली समाजमा निर्माण प्रक्रियामा छोरीको लागि बुबाले, श्रीमतीको लागि श्रीमान्ले तथा आमाका लागि छोराले हस्तक्षेपकारी भूमिका खेलेको पाइन्छ । महिलाको पहिचान हरेक क्षेत्रबाट पुरूषसँग जोडिएको हुन्छ । जस्तै : एउटा परिवारमा महिलाको पहिचान बुबा, श्रीमान् तथा छोरासँग जोडिएको हुन्छ ।

## शिवशंकरटोल भीमदत्त नगरपालिका-१८ को जनजीवन

नेपाल विभिन्न जातजातिहरूको साझा फुलबारी हो । यहाँ बसोवास गर्ने विभिन्न जातिहरू एक आपसमा मिलेर बसेका छन् । एकको सहयोग अर्कोलाई अतिआवश्यक देखिन्छ । भी.न.पा. १८ शिवशंकर टोलका सम्पूर्ण क्षेत्री, वाहुन, दलित जातिको आ-आफ्नो परम्परा, धर्म, संस्कृति रहनसहन आदि रहेको पाइन्छ । यहाँका महिलाहरूमा रूढीगत धारणा र परम्पराले अझैँ पनि आफ्नो प्रभुत्व जमाएको छ । यिनीहरूले ईश्वरमा भर गर्ने धामी-झाँक्री मान्ने देवी-देवतामा आस्था राख्छन् । विरामी भएमा बोका, कुखुराको भाले आदि भाकल गरी जस्ता परम्परागत अन्धविश्वासका रूपमा रहेको देखिन्छ । यसरी आफ्नो संस्कार अनुरूप गर्ने भएकाले यिनीहरूको जनजीवन प्रायः पूरानै धारणा र शैलीमा हुर्किदै आएको देखिन्छ ।

## अध्ययन क्षेत्रमा रहेका महिला र पुरूषको विवरण

समाजमा विभिन्न उमेर समूहहरूका विभिन्न जात, जाति र लिङ्गसँग सम्बन्धित व्यक्तिहरू हुने गर्दछन् । यस अध्ययनमा पनि उक्त क्षेत्रमा रहेका महिला र पुरूषको जनसंख्याको विवरणलाई लिङ्गका आधारमा छुट्टाछुट्टै प्रस्तुत गरिएको छ । वास्तवमा जनसंख्याको विवरणले वास्तविक स्थिति बारे प्रष्ट जानकारी लिन सकिन्छ । लिङ्गगत आधारमा अध्ययन क्षेत्रको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका १

महिला र पुरूषको विवरण

| वडा नं. | घरधुरी | पुरूष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | ७०४ | २१३७ | २०४२ | ४१७९ |
| २ | १४६६ | ४३३६ | ३९२२ | ८२५८ |
| ३ | १४४० | ३६५० | ३४७८ | ७१२८ |
| ४ | १४२९ | १७२६ | १५११ | ३२३७ |
| ५ | ८८५ | २५८८ | २३८४ | ४९७२ |
| ६ | २१६२ | ५३०० | ४८२३ | १०१२३ |
| ७ | ९८९ | २६९६ | २५२१ | ५२१७ |
| ८ | ९२१ | २५५७ | २४५३ | ५०१० |
| ९ | १५६० | ४१५० | ३९५५ | ८१४५ |

| | | | | |
|---|---|---|---|---|
| १० | २३४१ | ६००६ | ५५१४ | ११५२० |
| ११ | ७३५ | २२८५ | २१९४ | ४४८३ |
| १२ | ६५८ | २०१४ | १५०९ | ३९२३ |
| १३ | १०७० | २९९० | २७७७ | ५७६७ |
| १४ | ६२५ | १७१९ | १६८० | ३३९९ |
| १५ | ८५१ | २२५० | २१६२ | ४४१२ |
| १६ | ६३० | १७६१ | १६३८ | ३३९९ |
| १७ | ३८० | ११५६ | १०४७ | २२०३ |
| १८ | ४०३४ | ८८०० | ८१९३ | १६९५३ |
| १९ | ९३८ | २७८० | २६०० | ५३८० |
| जम्मा | २३८१८ | ६०९४५ | ५६८०३ | ११७७४८ |

स्रोत : स्तलगत सर्वेक्षण, २०७९

माथिको तालिका नं. १ अनुसार अध्ययन गरिएको जनसंख्या मध्ये पुरूष र महिलाबीचको जनसांख्यिक विवरणमा खासै फरक देखिदैन । अध्ययन क्षेत्रको जनसंख्यालाई तुलनात्मक रूपमा हेर्दा पनि उक्त क्षेत्रमा महिला भन्दा पुरूषकै संख्या केही मात्रामा बढी भए पनि सानो क्षेत्रको अध्ययनमा खासै फरक नभएको हुन सक्छ । यसमा महिलाहरूको संख्या भन्दा पुरूषहरूको संख्या बढी रहेको पाइन्छ । यस विषयको अध्ययन गर्ने क्रममा कञ्चनपुर जिल्लाको भीमदत्त नगरपालिका-१८ शिवशंकर टोलका महिला माथि हुने घरेलु हिंसाको विषयमा अध्ययन गर्दा निम्न अनुसन्धात्मक प्रश्नमा केन्द्रित गरिएको छ : महिलाविरूद्ध हुनेघरेलु हिंसाको बर्तमान अवस्था कस्तो छ ? पुरूषको तुलनामा महिला विरूद्धकोघरेलु हिंसा हुने कारण र परिणामहरू के केहॅन?

कञ्चनपुर जिल्लाको भीमदत्त नगरपालिका-१८, शिवशंकर टोलमा महिलामाथि हुनेघरेलु हिंसाको वर्तमान अवस्था र यसको कारण र परिणामहरूको अध्ययन गर्ने मुख्य उद्देश्य रहेको छ । यस अध्ययनको विशिष्ट उद्देश्यहरू निम्न बमोजिम रहेका छन् : महिलाविरूद्धको हुनेघरेलु हिंसाको बर्तमानअवस्था थाहा पाउन । महिलाविरूद्धको घरेलु हिंसाको कारण र परिणामहरूको अध्ययन गर्न ।

## पूर्वकार्यको पुनरावलोकन

WHO (2020) अनुसार महिला हिंसा प्रायः गरेर लैङ्गिक हिंसाको रूपमा बढिरहेको छ । यसको अर्थ के हो भने हिंसाको मुख्य पाटो भनेको पुरूष हो भने पीडित महिला हो । महिलाहरूको स्थान न्यून हुनु तथा न्यून शक्ति हुनुको कारणले गर्दा समाजमा महिला हेपिन, दलिन बाध्य हुनुपर्ने र पुरूष सधैं सर्वेसर्वा हुनुपर्ने अवस्था छ ।

WHO (2021) का अनुसार महिलाहरूलाई सानोतिनो कारणबाट पनि पुरूषहरूले दैनिक रूपमा कुटपिट गर्ने, विभिन्न किसिमका दबावहरू दिने हिंसा सहन बाध्य बनाउने जस्ता कार्यहरू गरिरहेको पाइन्छ । नेपालको सन्दर्भमा हेर्ने हो भने महिलालाई कुटपिट गर्नु सामान्य विषयको रूपमा देखापरेको छ । त्यसैगरी अशिक्षित समाजमा गर्भावस्थामा बढी काम लगाउने, श्रीमान्ले वा परिवारका अन्य सदस्यले भौतिक रूपमा दमन गर्ने जस्ता कार्य गरेको पाइन्छ भने अपाङ्ग बच्चा जन्माउने तथा गर्भ खेर जाने गरेको पाइन्छ ।

UNICEF (2017) का अनुसार महिला माथि हुने हिंसाको बारेमा अन्तर्राष्ट्रिय तवरबाट प्राप्त सार्वजनिक हुने गरेको छ । परिवारबाट Prostition बनाइनु परिवारले अपहेलना र तिरष्कार गर्नु, श्रीमान्ले दाइजो मागी श्रीमतीलाई बारम्बार पीडा दिनु र कतिपय अवस्थामा हत्या समेत गर्न पछि नपर्नु जस्ता कार्यले गर्दा महिला हिंसा बढ्दो अवस्था देखिएको छ । त्यसैगरी विश्वमा ३ जना महिलामा १ जना महिला दैनिक रूपमा आफ्नै श्रीमान्, परिवार वा अन्य व्यक्तिबाट कुटाई खानुपर्ने, जबरजस्ती यौन हिंसाको चपेटामा जीवन व्यतित गर्नुपर्ने अवस्था रहेको छ ।

थपलिया (२०१७) ले नेपाली महिलाबारे “महिला हिंसा उन्मुलनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयासहरू” भन्ने लेखमा भन्नुहुन्छ- नेपाली महिला गरिब छन्, सन्तुलित आहार पाउँदैनन र स्वास्थ्यको ग्यारेन्टी पनि छैन । देशका अधिकांश ग्रामीण महिलाहरूले आधा पेट खाएर कम्मरमा पटुका कसेर मेहनत गर्दछन् । सुत्केरी अवस्थामा स्याहार सुसार नै पाउँदैनन् भने विभिन्न कारणले हिंसाको सिकार बन्न बाध्य भएका छन् । साथै ग्रामीण समाजका महिलाहरू पछाडि पर्नुको मुख्य कारण सामाजिक संरचना, सामाजिक संस्था र समुदायहरूको फरक-फरक परम्परागत संस्कार र संस्कृतिहरूका कारण यस क्षेत्रका विविध जनजातिका महिलाहरू शिक्षाको अवसर प्राप्तिबाट बञ्चित भएको देखिन्छ । यी यावत कुराहरूबाट मुक्ति पाउनका लागि महिलाको शैक्षिक स्तरमा प्रगति हुनु अति नै आवश्यक देखिन्छ । महिलाको अवस्थाको बारेमा यदाकदा अध्ययन अनुसन्धान नभएका पनि होइनन् तर विस्तृत रूपमा अध्ययनको खाँचो टड्कारो रूपमा देखिएको छ ।

भाषिन (२०७२) ले समाजमा महिलाहरूको भूमिका पुरूषको तुलनामा बढी नै रहेको हुन्छ । पुरूष विशेषतः उत्पादन तथा सामाजिक भूमिका संलग्न रहेको हुन्छ भने महिलाहरूको यी दुबै भूमिकाको अलावा जैविक रूपमा प्राप्त पुर्नउत्पादन भूमिका समेत रहेको हुन्छ । परम्परागत रूपमै दिमागको काम पुरूषको मानिन्छ भने घरेलु काम महिलाको मानिन्छ । महिलाको जीवन तथा समाजका विभिन्न क्षेत्रमा पुरूष वा पितृसत्ताको नियन्त्रण रहेको हुन्छ । जस्तै महिलाको उत्पादन तथा श्रम शक्ति, महिलाको प्रजनन्, महिलाको यौनिकता, महिलाको गतिशीलता, सम्पत्ति तथा आर्थिक स्रोत साधनहरू, सामाजिक, सांस्कृतिक तथा राजनीतिक संस्थाहरू आदि । त्यसैगरी महिलाको जीवनका विभिन्न अवस्थाहरूमा पनि अनेक प्रकारका दमनहरू र भेदभावका विभिन्न स्वरूपहरू श्रृङ्खलाबद्ध रूपमा देख्न पाइन्छ ।

थपलिया (२०७४) का अनुसार महिला भएकै आधारबाट मानव अधिकारको उपभोगमा गरिने विभेद, शारीरिक तथा मानसिक रूपबाट दिइने पीडा, प्रतिबन्ध लगायत जुनसुकै तरिकाबाट महिलाको आत्मसम्मानमा पुर्‍याइने सबै किसिमको आघातलाई महिला हिंसाका रूपमा बुझ्नुपर्दछ । समाजमा महिला हिंसाको स्थिति कायम रहन विभिन्न तत्त्वले भूमिका निर्वाह गरिरहेका हुन्छ । नेपालको सन्दर्भमा कूल जनसंख्याको आधाभन्दा बढी हिस्सा ओगटेका महिलाहरू अहिलेसम्म पनि विभेद, असमानता, अन्याय तथा विभिन्न खालका हिंसाको सिकार भइरहेका छन् । परम्परागत धार्मिक तथा सांस्कृतिक मान्यताले महिलालाई असमान त बनाएकै छ, देशमा विद्यमान कतिपय कानूनी व्यवस्थाले समेत महिलाको हैसियतलाई समान बनाउन सकेको देखिदैन । देशमा धेरै ठूला राजनीतिक परिवर्तन भएका छन् तर ती परिवर्तनलाई निर्णायक विन्दुमा पुर्‍याउन आफ्ना तर्फबाट भूमिका निर्वाह गर्ने नेपाली महिलाहरूको जीवन र मर्यादामा भने उल्लेखनीय परिवर्तन आउन सकेको छैन । समाजमा

व्याप्त पितृसत्तात्मक सोच, अन्धविश्वास, पुरातन संस्कार एवम् परम्परा विभेदपूर्ण कानून, लैङ्गिक असमानता, आर्थिक परनिर्भरता, अशिक्षा, गरिबी, नीति निर्माणको तहमा महिला प्रतिनिधित्वको न्यूनता जस्ता विषय नै महिला माथि हिंसा नहुनुका प्रमुख कारणका रूपमा देखिएका छन् । पितृसत्तात्मक नेपाली समाजमा महिलालाई दोस्रो दर्जाको नागरिकका रूपमा गरिने व्यवहार अहिले पनि जारी छ । महिला र पुरूष बीच विद्यमान यही सामाजिक विभेदका कारण पनि महिला माथि हिंसा भइरहेको छ । महिला माथि हत्या, बलात्कार, यौन दुर्व्यवहार, अपहरण, बेचबिखन, कुटपिट, आगो लगाउने, विष खुवाउने, एसिड खन्याएर कुरूप बनाउने दैनिक घर व्यवहारमा भेदभाव गर्ने, संस्कार एवम् परम्पराका नाममा अधिकारबाट बञ्चित गर्ने, गराउने, आत्मसम्मानमा चोट पुग्ने बोली र व्यवहार गरिने आदि घटना भइरहेका छन् । यस्ता सबै कार्यलाई महिला विरूद्धको हिंसा मानिएको छ महरा (२०७६) का अनुसार महिलाका लागि समाज नै आफैँमा भेदभावयुक्त छ । महिलालाई सामाजिक, आर्थिक, कानूनी तथा राजनीतिक धरातलदेखि लिएर साधन स्रोतको पहुँचमा समेत लिङ्गको आधारमा भेदभाव गरिन्छ । महिला हिंसा भर्खरै मात्र प्रादुर्भाव भएको विकृति होइन यो त पुस्तौं पुस्तादेखि नेपाली समाजमा हस्तान्तरित हुँदै आएको नकारात्मक जड हो । फरक यति मात्रै देख्न सक्छौं हामी ताकी यसले विभिन्न समयकालखण्डमा आफ्नो रूप भने पक्कै परिवर्तन गर्दै आएको छ । महिला हिंसालाई अझ स्पष्टीकरण दिने सन्दर्भमा सन् १९९३ को यु.एन. घोषणापत्रले लैङ्गिक हिंसा महिला र पुरूषबीचमा ऐतिहासिक रूपमै घोषणा गरिएको असमान शक्ति सम्बन्ध हो, जसले महिलालाई सशक्तिकृत हुनमा रोकावट पैदा गर्नुका साथै पुरूषद्वारा महिलामाथि गरिने भेदभावमा थप बल प्रदान गर्छ भने यसले एक संकटयुक्त सामाजिक संयन्त्रको रूपमा तुलनात्मक तवरले महिलाहरूलाई बलजफ्ती पुरूष सहयोगीको स्थान दिइन्छ भनी महिला हिंसाको बृहत् परिभाषा दिएको छ । तसर्थ महिला हिंसा अर्थात् लैङ्गिक हिंसा नेपाली समाजको एक निकृष्ट रूप हो जसले २१ औं शताब्दिको अत्याधुनिक प्रविधिगत र समतामूलक समाजमाथि नै प्रश्नवाचक चिन्ह खडा गरिदिएको छ ।

गौतम, (२०६७) का अनुसार विकसित भएका समाजहरूमा स्वतन्त्रताका संक्रमणका कारण महिलाहरू अधिकार र पहुँचबाट बञ्चित र अनभिज्ञ भएका छन् । यति मात्र नभएर महिलाले पाउनु पर्ने अधिकार स्रोत, सूचना र साथै मानव अधिकारका कुराहरूमा पनि बञ्चित भएका छन् । यस्तो ज्यादति भएपछि अन्तर्राष्ट्रिय महिला कार्यक्रमहरू देखापऱ्यो । जसले महिलाहरूलाई फाइदा पुग्ने अधिकारहरू लैङ्गिक अधिकारहरू समानता र समताका कुराहरूलाई अगाडि साऱ्यो । यसरी महिलालाई सशक्तिकरण गर्दै विश्वभरी नै महिलाको विकास गर्न र अधिकार प्रदान गर्न विभिन्न कार्यक्रमहरू प्रवर्द्धन र सुरक्षाका साथ गरियो र साथसाथै निश्चित स्थानमा भएका महिलाहरू माथि हुने दमन, हिंसा, द्वन्द्वको समाधान गरियो र यदि हामीले सामाजिक, सांस्कृतिक, राजनीतिक र आर्थिक रूपले महिलाहरूलाई अधिकार प्रदान गर्ने हो भने त्यहाँ कुनै महिला हिंसा र दमन हुँदैन । यसरी विभिन्न महिला विकास र सशक्तिकरणको हिंसा र दमन कम गर्न विश्वभरि महिलाहरू एकजुट हुन पहिले मे क्सिकोमा महिला सम्मेलन त्यसपछि कोपनहेगन, नैरवी र बेइजिङ्ग सम्मेलन यसका उदाहरण हुन् । सन् १९७५ देखि १९८५ सम्म यु.एन. ले महिला दशक घोषणा गरी महिला अधिकारको वकालत गरेको थियो । यसै समयमा नेपालमा पनि विभिन्न कार्यक्रमहरू सञ्चालन भएका थिए ।

UNICEF (2017) का अनुसार मनोवैज्ञानिक रूपमा पनि महिलाहरू प्रभावित हुने गरेको पाइन्छ । खासगरी महिलाहरूलाई अप्रत्यक्ष रूपमा घरपरिवारका सदस्यले हिंसा गरिरहेका हुन्छन् । महिलाहरूलाई घरभित्रको कार्यमा सहयोग नगर्ने, जबर्जस्ती बच्चा जन्माउन दबाव दिने र विभिन्न किसिमका हातहतियारको धम्की दिएर विभिन्न किसिमका हिंसा गरेको पाइन्छ ।

SINGH (2013) नेपालमा महिला हिंसाको अवस्थालाई विभिन्न क्षेत्रबाट आँकलन गर्ने प्रयास गरिएको छ । नेपालको शहरी क्षेत्रको अवस्था भन्दा ग्रामीण क्षेत्रमा महिला हिंसा बढी भएको पाइएको छ । मुख्यतया ग्रामीण क्षेत्रमा अशिक्षा, लैङ्गिक हिंसा, यौनिक, आर्थिक, सामाजिक-सांस्कृतिक कारण आदिको अग्रस्थान रहेको देखिन्छ भने शहरी क्षेत्रमा मनोवैज्ञानिक, भौतिक, धाकधम्की गर्ने जस्ता कार्यको बढी प्रयोग भएको पाइन्छ । नेपालमा ३ जना महिलामा १ जना महिला हिंसाको सिकार हुन बाध्य भएको अनुसन्धानबाट देखिएको छ । यसमा पनि सबैभन्दा बढी लैङ्गिक हिंसा र मनोवैज्ञानिक हिंसा रहेको छ । त्यस्तैगरी परिवार नियोजन संघ नेपालको अनुसार सबैभन्दा बढी मनोवैज्ञानिक हिंसाको चपेटमा परेको देखिन्छ । गरिबी, सांस्कृतिक विश्वास, चिन्ता, पितृसत्तात्मक समाज, सानै उमेरमा विवाह, दाइजो, सामाजिक बहिष्कार जस्ता विषयमा ग्रामीण क्षेत्रका महिला बढी प्रभावित भएको तर शहरी क्षेत्रमा यसको मात्रा कम भएको पाइन्छ ।

थपलिया (२०७५)का अनुसार वि.सं. २००७ सालभन्दा अगाडि नेपालमा महिला विरूद्ध घरेलु हिंसाको बारेमा खासै अध्ययन अनुसन्धान तथा खोज भएको पाइँदैन । २००७ सालपछि २०४६ सम्म नगण्य मात्रामा भएको देखिन्छ । पछि कमस नेपालका राजनैतिक दलहरूले राजनैतिक चेतना फैलाउने क्रममा महिला अधिकार र हिंसाजन्य कार्यको लागि चेतना फैलाउँदै आएको पाइन्छ । महिला आन्दोलनको बारेमा चर्चा गर्दा साहाना प्रधान, शैलजा आचार्य, नेना कोइराला, मंगला देवी सिंहको सक्रियतामा नेपाल महिला संघको स्थापना पछि मात्र घरेलु हिंसालाई निरूत्साहित पार्ने प्रयासको थालनी भएको पाइन्छ । धेरै महिलाहरू घरेलु हिंसाबाट प्रभावित भएका छन् । जसका कारण अबुझ, अशिक्षा र सत्य बोल्न सक्ने क्षमताको अभावका कारण दिनानुदिन घरेलु हिंसामा वृद्धि भएको पाइन्छ । महिला तथा बालबालिका माथि घरभित्र हुने दुर्व्यवहार वा अत्याचार नै घरेलु हिंसा हुन् । महिलाहरू आफ्नै घर परिवारभित्र हेपिन्छन्, बलात्कारको सिकार हुन्छन्, जबरजस्ती देह व्यापार लगाइन्छ, यौन दासको रूपमा राखिन्छ, जबरजस्ती गर्भवती बनाइन्छ, बालविवाह, अनमेल, बहुविवाह, विधुवाप्रतिको दुर्व्यवहार आदि पनि घरेलु हिंसाअन्तर्गतको हिंसाहरू हुन् ।

काफ्ले (२०१६), का अनुसार घरपरिवार, समाज तथा राष्ट्रमा भएको महिलाको आर्थिक, सामाजिक र राजनैतिक अधिकार तथा दायित्वहरूले महिलाको स्तरलाई निर्धारण गर्ने गर्दछन् । शिक्षा, स्वास्थ्य, रोजगारीको साथै राजनैतिक क्षेत्रमा महिला सहभागिता जस्ता कुराहरू महिलाको आर्थिक, सामाजिक तथा राजनैतिक स्तरका प्रमुख सूचकहरू पनि हुन् । नेपालमा आधा आकाश ढाकेर रहेका महिलाहरू सदियौँदेखि सामाजिक, आर्थिक तथा राजनैतिक रूपमा पछि परेका छन् । नेपाली समाजमा गढेर रहेको परम्परागत मूल्यमान्यता, रीतिरिवाज, संस्कार तथा परम्परा र संस्कृतिहरूका कारणले गर्दा अधिकांश महिलाहरू शिक्षा, स्वास्थ्य र रोजगारीमा अवसरहरूबाट वञ्चित भएका छन् । त्यसैगरी केही वर्ष अघिसम्म पनि राज्यले जारी गरेका ऐन, कानून तथा नीति नियमहरूमा महिलाहरूलाई दोस्रो दर्जाको नागरिकको व्यवहार गरिएको थियो । वि.सं. २०४६ सालमा प्रजातन्त्रको पुनःस्थापना पश्चात्

महिला अधिकारका बारेमा धेरै चर्चा परिचर्चाहरू चल्न थाले । त्यसैको परिणाम स्वरूप विगत केही वर्ष यता आएर कानूनी रूपमा महिलाहरूलाई अधिकार सम्पन्न त बनाउँदै लगियो तर पनि उनीहरूमा भएको शिक्षा तथा चेतनाको अभावका कारणले गर्दा अझसम्म पनि महिलाहरू आफ्ना अधिकारहरू उपभोग गर्न सक्ने अवस्थामा पुग्न सकेका छैनन् । वि.सं. २०६३/०६४ को जनआन्दोलनको सफलता पश्चात् पुनः स्थापित संसदले जारी गरेको घोषणामा महिलाहरूलाई पुरूष सरह समान हैसियत दिलाउनका लागि विशेष आरक्षणको व्यवस्था समेत गरेको छ । संसदको घोषणाले राज्यका हरेक क्षेत्रमा महिलाहरूलाई ३३ प्रतिशत आरक्षणको व्यवस्था गरेको भए तापनि त्यो घोषणामा मात्र सीमित हुन पुगेको छ । २०६४ साल चैत्र २८ गते सम्पन्न ऐतिहासिक संविधान सभाको निर्वाचनमा प्रत्यक्ष तर्फबाट महिलाहरूको उपस्थिति उल्लेख्य हुन नसके पनि समानुपातिक तर्फबाट राज्यको नीति निर्माणका तहमा महिलाको उपस्थितिलाई हेर्दा यसले भोलिको उज्यालो तर्फ संकेत गरेको छ । नेपालमा महिलाहरूको स्वास्थ्य अवस्था अझसम्म पनि कमजोर रहेको कुरा विभिन्न तथ्यहरूले देखाएका छन् ।

Katuwal (2013) ले पुरूषले जहिले पनि महिलालाई आफ्नो अधिनमा राख्न खोज्दछ र राख्दछ पनि, पुरूषको सोचाईमा महिला स्वतन्त्र छैन । उसको पहिचान पुरूषमा गाँसिएको छ । पुरूष बाहेक ऊ केही पनि गर्न सक्दैन । यस्तो प्रकृतिले समाजमा लैङ्गिक विभेद सिर्जना गरेको छ । यसै कारण समाजमा महिलालाई लक्षित गरेर कुनै हिंसाका घटनाहरू बढी राखेका छन् । समाजमा परम्परादेखि चल्दै आएका बोक्सी प्रथा, बहुविवाह, देह व्यापारमा लगाइनु, जबरजस्ती करणी, कुटपिट र अङ्गभङ्ग गर्नु, श्रम शोषण गर्नु, अवसरबाट वञ्चित गर्नु, सामाजिक वा पारिवारिक बहिष्कार गर्नु, आहारविहारमा भेदभाव गर्नु, मानसिक डर त्रास देखाउनु आदि सबै हिंसाहरू हुन् । हाम्रो समाजमा हामीले देखिरहेका छौं कि बोक्सी प्रथा, वादी प्रथा, कुमारी प्रथा, सती प्रथा (हाल अस्तित्वमा छैन) बालिका शिशुको हत्या गर्ने प्रचलन (विशेष गरी दाइजोको कारण भारतमा) ले सोझैं महिला विरूद्धका हिंसालाई बढाएको छ । यस्ता कतिपय प्रथामा कुटपिट, गाली बेइज्जती, बहिष्कार, हत्या हुने गरेका छन् भने कतिपय अवस्थामा यौन शोषण हुने गरेको पाइन्छ । यसैगरी पुरूषबाट हुने प्रजनन अधिकारको हनन, राज्यबाट हुने राजनैतिक अधिकारको बन्देज र भेदभावकारी नियमलाई पनि हिंसा मान्न सकिन्छ । एउटै घरपरिवारमा सासुको टोकेसो खाने बुहारीको कथा पनि कम दर्दनाक हुँदैन । अर्कोतिर छोरा नपाएर, दाइजो कम ल्याएर, आफूखुशी यौन सम्बन्ध राख्न नपाए, नपढेको भएर, कम सीप भएको भएर आदि बहानामा स्वास्नीलाई कुटपिट बहिष्कार तथा मानसिक तनाव दिने गरेका छन् । हाम्रो समाजमा मात्र नभई अन्यत्रका अधिकांश समाजमा आफ्नै परिवारबाट काम गर्ने अफिसमा अफिसरबाट साथी भाइ र इष्टमित्रबाट पनि महिलाहरूको यौन शोषण भएको छ । यसलाई पनि हिंसाका रूपमा हेर्नु पर्दछ जसबाट महिलाको शारीरिक, मानसिक तथा सामाजिक अवस्था गर्न गई मानसिक तनाव उत्पन्न हुने गर्दछ ।

Solotaroff, at. al. (2014b) ले महिला हिंसा एउटा देशमा मात्र सीमित भएको विषय नभएर यो विश्वभरी फैलिएको एउटा साझा मुद्दा हो । अल्पविकसित राष्ट तथा विकासोन्मुख मुलुकहरूमा हिंसाको अवस्था अन्य देशको तुलनामा बढी भएको पाइन्छ । किनभने उक्त किसिमका देशहरूमा शैक्षिक योग्यता न्यून हुनु, गरिबी, बेरोजगारी जस्ता समस्याको चंगुलमा महिला पर्ने गरेको पाइन्छ । महिला हिंसाको अवस्था दक्षिण एसियाली मुलुकमा पनि निकै दयनीय रहेको छ । दक्षिण

एसियन संस्कृतिमा महिलाको स्थान तल्लोदर्जाको रूपमा रहेको छ भने छोरीको भन्दा बुहारीको स्थान परिवारको सदस्यमा सबैभन्दा तल्लो स्थानमा राख्ने गरेको पाइन्छ । त्यस्तै गरी गर्भावस्थामा गह्रो भारी बोकाउने तथा पौष्टिक आहारको खानेकुराबाट वञ्चित गर्ने गरेको विभिन्न अनुसन्धानबाट स्पष्ट भएको छ । महिलामाथि हुने हिंसाको बारेमा अन्तर्राष्ट्रिय तवरबाट प्राप्त तथ्याङ्क अनुसार प्रकारका हिंसा हुने गरेको तथ्य सार्वजनिक हुने गरेको छ । परिवारबाटै Prostition बनाइनु, परिवारको अवहेलना र तिरस्कार गर्नु, श्रीमानले दाइजो मागी श्रीमतीलाई बारम्बार पीडा दिनु र कतिपय अवस्थामा हत्या समेत गर्न पछि नपर्नु जस्ता कार्यले गर्दा महिला हिंसा बढ्दो अवस्थामा देखिएको छ । त्यस्तैगरी विश्वमा ३ जना महिलामा १ जना महिला दैनिक रूपमा आफ्नै श्रीमान्, परिवार वा अन्य व्यक्तिबाट कुटाई खानुपर्ने, जबरजस्ती यौन हिंसाको चपेटामा जीवन व्यतित गर्नुपर्ने अवस्था रहेको छ । महिला हिंसा सम्बन्धी अनुसन्धान गर्ने अर्को संयुक्त राष्ट्र संघीय संस्थाका अनुसार विश्वको महिला जनसंख्यामा ५ जना महिलामा १ जना महिला शारीरिक तथा मानसिक रूपले हिंसा भोग्न बाध्य भएको तथ्याङ्क सार्वजनिक भएको छ ।

## अध्ययन विधि

अध्ययन क्षेत्रको लागि कञ्चनपुर जिल्लाको भीमदत्त नगरपालिका-१८ का महिलाहरूको घरेलु हिंसा सम्बन्धी अध्ययन क्षेत्रको रूपमा छनौट गरिएको छ । आजसम्म पनि यहाँका महिलाहरूको बारेमा कुनै पनि किसिमको अध्ययन नभएको र महिला हिंसाको विश्वव्यापी रूपमा बढ्दो स्थिति र सामाजिक रूपमा महिला माथि हुने दुर्व्यवहार र उनीहरूको अवसरको सुनिश्चितताको लागि आगामी दिनहरूमा केही मात्रामा सहयोगको लागि उक्त क्षेत्रलाई अध्ययन क्षेत्रको लागि छनौट गरिएको हो ।

यस अध्ययन विधिमा वर्णनात्मक एवं विश्लेषणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरेको छ । अनुसन्धानका लागि यस अध्ययनमा उदेश्यपूर्ण नमुना छनौट बिधि मार्फत अध्ययन क्षेत्र छनौट गरिएको हो । छनौट गरेको अध्ययन क्षेत्रमा, जम्मा घरधुरी २३६ रहेकोमा सबै जनसंख्याको अध्ययन गर्न असम्भव भएको हुँदा छनौट क्षेत्रमा रहेका २३६ घरधुरी मध्ये ९० प्रतिशत आत्माबिश्वास अन्तरालको आधारमा अनलाईन नमुना छनौट क्याल्कलेटर बिधि मार्फत ५५ घरधुरीलाई नमुना छनौट गरीकूल जनसंख्या मध्येबाट दैविय छनौट विधि (Random Sampling Method) का आधारमा प्रत्येक चार घरधुरी मध्येबाट एक घरधुरीलाई छानिएको छ । यसका अतिरिक्त घरधुरी सर्वेक्षण, स्थलगत निरीक्षण र अवलोकनको माध्यमबाट पनि तथ्याङ्क सङ्कलन गरिएको छ । अध्ययनको लागि कतिपय द्वितीय तथ्याङ्कहरूलाई पनि प्रयोग गरिएको छ । यस अन्तर्गत विभिन्न किसिमका प्रकाशित लेख, रचना, पुस्तक, पत्रपत्रिका आदिलाई तथ्याङ्कको रूपमा प्रयोग गरिएको छ ।

## नतिजा र छलफल

### महिला विरूद्धको घरेलु हिंसाको अवस्था

अध्ययनमा संलग्न गरिएका ३६ जना महिलाहरूमध्ये अनुसन्धानको क्रममा पाइएको तथ्यलाई विश्लेषण गर्दा उक्त नमुना छनोटमा परेका महिलाहरूको अवस्थाको बारेमा तलको तालिकाद्वारा प्रस्तुत गरिएको छ ।

**तालिका २**

**महिलाहरूको हिंसाको अवस्था**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | साधारण महिला | १७ | ३०.५५ |
| २ | हिंसामा परेका महिला | ३८ | ६९.४४ |
| | जम्मा | ५५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७९

माथि तालिकामा देखाइएको विवरणबाट के प्रष्ट हुन्छ भने नेपालको ग्रामीण भेगमा बसोबास गर्ने महिलाहरू विभिन्न कारणले हिंसाको सिकार हुनु परेको तथ्य छर्लङ्ग भएको छ । त्यस्तैगरी अध्ययनमा समावेश महिलाहरूमध्ये १७ जना वा ३०.५५ प्रतिशतले सामान्य दिनचर्या सञ्चालन गरेको बताउने अधिकांश महिलाहरू शहरी क्षेत्रका थिए । प्राप्त विवरणलाई हेर्ने हो भने अध्ययनमा संलग्न महिलाहरूमध्ये ३८ जना, ६९.४४ प्रतिशत महिलाहरू हिंसाको सिकार भएको अध्ययनबाट पाइयो ।

**महिलाको उमेरको अवस्था**

अध्ययनमा संलग्न गरिएका महिलाहरूले भोग्नु परेको हिंसाको विवरणलाई विश्लेषण गर्दा उनीहरूको उमेरको बारेमा पनि जानकारी लिन आवश्यक हुन्छ । उमेरको आधारमा पनि हिंसाको प्रकृति फरक फरक हुने कुरालाई मनन गर्दै उमेरगत विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३**

**महिलाको उमेरको अवस्था**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १५–२० | ५ | ८.३ |
| २ | २१–२५ | १२ | २२.२२ |
| ३ | २६–३० | ५ | ८.३ |
| ४ | ३१–३५ | ६ | १६.६६ |
| ५ | ३६–४० | ९ | १३.८८ |
| ६ | ४१–४५ | ९ | १३.८८ |
| ७ | ४६–५० | ६ | ११.११ |
| ८ | ५१ देखि माथि | ३ | ५.५ |
| | जम्मा | ५५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७९

माथि प्रस्तुत गरिएको तालिकामा अनुसन्धानमा संलग्न गरिएका ५५ जना महिलाहरूको उमेर गत विवरण सहित हिंसाको अवस्थालाई दर्शाउने कोशिस गरिएको छ । उक्त तालिकामा देखाइएको उमेरगत विवरण अनुसार सबैभन्दा बढी २१-२५ वर्ष उमेर समूहका २२.२२ प्रतिशत रहेको पाइयो भने त्यसपछि ३१-३५ वर्ष उमेर समूहका १६.६६ प्रतिशत रहेको पाइयो भने ४१-४५ वर्ष उमेर समूहको १३.८८ प्रतिशत रहेको पाइयो, त्यसैगरी ३६-४० वर्ष उमेर समूहका महिलाहरू १३.८८ प्रतिशत रहेको पाइन्छ भने ४६-५० उमेर समूहका महिलाहरू ११.११ प्रतिशत भने २६-३० वर्ष उमेर समूहका ८.३ प्रतिशत, १५-२० वर्ष उमेर समूहका महिलाहरू ८.३ प्रतिशत रहेको पाइयो भने ५० वर्ष भन्दा माथिका उमेर समूहका ५.५ प्रतिशत रहेको पाइयो ।

## परिवारको पेशागत अवस्था

प्रत्येक व्यक्तिले जीवनयापनका लागि कुनै न कुनै पेशा अपनाएको हुन्छ । भौगोलिक स्थिति, पारिवारिक वातावरण र सामाजिक परिस्थिति अनुसार महिलाले गर्ने पेशा समाजअनुसार भिन्न हुने गर्दछ । अध्ययन क्षेत्रका परिवारको पेशागत विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४**

**पेशागत विवरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | १२ | २२.२२ |
| २ | व्यापार | २६ | ४७.२२ |
| ३ | मजदुर | ६ | ११.११ |
| ४ | गृहणि र घरायसी | ११ | १९.४४ |
|  | जम्मा | ५५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७९

प्रस्तुत तालिकाबाट के प्रष्ट हुन्छ भने पेशागत विवरणलाई हेर्दा सबैभन्दा बढी व्यापारमा २६ जना वा ४७.२२ प्रतिशत रहेको पाइयो भने त्यसपछि कृषि पेशामा २२.२२ प्रतिशत रहेको पाइयो भने ११ जना वा १९.४४ प्रतिशत गृहणि र घरायसी पेशामा संलग्न रहेको पाइयो भने मजदुरमा सबैभन्दा कम ६ जना वा ११.११ प्रतिशत रहेको पाइयो । यस क्षेत्रका अधिकांश जनताहरूले परम्परागत रूपदेखि व्यापार र कृषि पेशालाई नै मुख्य जीविकोपार्जनको माध्यमका रूपमा प्रयोग गरेको पाइयो ।

## महिलाको वैवाहिक अवस्था

समाजशास्त्री/मानवशास्त्रीहरूले विवाहलाई एउटा सामाजिक प्रक्रियाको रूपमा लिने गरेको पाइन्छ । हरेक समाजमा कुन उमेरमा विवाह गर्ने भन्ने कुरा त्यस समाजको सामाजिक तथा सांस्कृतिक पक्षहरूले प्रभाव पारेको हुन्छ । कुनै पनि व्यक्तिको शिक्षामा कस्तो पहुँच रहेको छ भन्ने कुरालाई पनि उसको वैवाहिक स्थितिले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा भूमिका खेलेको हुन्छ । विवाह दर्ताको उमेरले पनि उक्त महिलाप्रति परिवारमा हेर्ने दृष्टिकोण र हिंसाको प्रकृतिमा प्रभाव पार्ने गर्दछ । त्यसैले यहाँ अध्ययन

क्षेत्रका महिलाले कुन उमेरमा विवाह गरेका रहेछन् त भन्ने तथ्य अनुसन्धानकर्ताले अवलोकन र अन्तरवार्ताको माध्यमबाट लिइएको जानकारीको तथ्याङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५**

**महिलाको वैवाहिक अवस्था**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विवाहित | ३१ | ५५.५५ |
| २ | अविवाहित | १५ | २७.७७ |
| ३ | विधुवा | ९ | १६.६६ |
| | जम्मा | ५५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७९

प्रस्तुत तालिका अनुसार अध्ययन क्षेत्रका महिलाहरूको वैवाहिक स्थितिलाई तुलनात्मक रूपमा हेर्दा छनौटमा परेका महिलाहरू मध्ये सबैभन्दा बढी विवाहितमा ३१ जना वा ५५.५५ प्रतिशत महिला रहेको पाइयो भने त्यसपछि अविवाहित १५ जना रहेको र सबैभन्दा कम विधुवामा ९ जना, वा १६.६६ प्रतिशतमहिला रहेको पाइयो ।

**परिवारको प्रकृतिको आधारमा हिंसाको अवस्था**

अध्ययन क्षेत्रका महिलाहरूको हिंसाको स्थिति अध्ययनलाई एकल परिवार र संयुक्त परिवारमा विभाजन गरी अध्ययन गरिएको छ । परिवारको आकारले पनि महिलाको शैक्षिक, आर्थिक, सामाजिक, पारिवारिक, सांस्कृतिक, महिलाको निर्णय प्रक्रियामा भूमिका, परिवारमा महिला हिंसाको अवस्था, सन्तान उत्पादन र छोराछोरीको शिक्षा दीक्षा के-कस्तो रूपमा दिने भन्ने कुरा परिवारको प्रकृतिका आधारमा पनि मूल्याङ्कन गर्न सकिन्छ । अध्ययनमा संलग्न महिलाको परिवारको किसिमलाई तलको तालिकामा प्रस्तुत गरिन्छ ।

**तालिका ६**

**परिवारको प्रकृतिका आधारमा महिलाको अवस्था**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकल परिवार | ३५ | ६३.८८ |
| २ | संयुक्त परिवार | २० | ३६.११ |
| | जम्मा | ५५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७९

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा लिएको ५५ घरधुरीको सर्वेक्षणको आधारमा हेर्दा

परिवर्तित परिस्थितिमा संयुक्त परिवार भन्दा एकल परिवार प्रति विभिन्न जनसमुदायको आकर्षण बढ्दो रहेको यस अध्ययन क्षेत्रमा पनि पाइयो । विभिन्न अध्ययनहरूले एकल परिवारमा महिलाको स्थिति संयुक्त परिवारको महिलाको भन्दा सबल हुने कुरा उल्लेख गरेको भए तापनि यस अध्ययन क्षेत्रका महिलाको हिंसाको स्थिति एकल परिवारमा भन्दा संयुक्त परिवारमा कमि भएको पाइयो ।

## महिलाको शैक्षिक अवस्था

यो अध्ययन कञ्चनपुर जिल्लाको भीमदत्त न.पा. १८ को शिवशंकर टोलमा बसोबास गर्ने महिलाको शिक्षाको स्थिति कस्तो रहेको छ भनेर थाहा पाउनको लागि गरिएको थियो । अध्ययनको आधारमा हेर्दा समय र परिस्थितिको परिवर्तनसँगै अध्ययन क्षेत्रका महिलाको शिक्षामा पनि केही रूपमा भए पनि परिवर्तन आउन थालेको पाइयो । अध्ययन क्षेत्रका महिलाहरूको उमेरअनुसार स्तर र परिवारको प्रकृतिअनुसार फरक-फरक शैक्षिक अवस्था रहेको पाइयो । अध्ययनमा संलग्न महिलाहरूको शैक्षिक अवस्थालाई तलको तालिकाद्वारा प्रस्तुत गरिन्छ ।

**तालिका ७**

**महिलाको शैक्षिकअवस्था**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | १८ | ३३.३३ |
| २ | अनौपचारिक साक्षर | ९ | १६.६६ |
| ३ | औपचारिक साक्षर | २८ | ५० |
| | जम्मा | ५५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७९

माथिको तालिकामा महिलाको शैक्षिक अवस्थालाई हेर्दा सबैभन्दा बढी औपचारिक साक्षरमा २८ जना वा ५० प्रतिशत रहेको पाइयो भने त्यसपछि निरक्षरमा १८ जना, ३३.३३ प्रतिशत रहेको पाइयो । उनीहरूले पढ्ने अवसर नपाएको र विद्यालयको प्राङ्गणमा सम्म नटेकेको कुरा अध्ययनबाट पाइयो । उनीहरू परम्परागत सोचका कारण भेदभावमा परेर शिक्षाबाट पूर्णरूपमा वञ्चितमा परेका विभिन्न जात र समूहका महिलाहरू रहेका छन् भने सबैभन्दा कम अनौपचारिक साक्षरमा ९ जना वा १६.६६ प्रतिशत रहेको पाइयो ।

## पारिवारिकको प्रकृतिका आधारमा महिलाको शैक्षिक अवस्था

अध्ययन क्षेत्रका महिलाहरू सामाजिक अध्ययनलाई एकल परिवार र संयुक्त परिवारमा विभाजन गरी अध्ययन गरिएको छ । परिवारको आकारले पनि महिलाको शैक्षिक, आर्थिक, सामाजिक, पारिवारिक, सांस्कृतिक महिलाको निर्णय प्रक्रियामा भूमिका सन्तान उत्पादन र छोराछोरीको शिक्षादिक्षा के-कस्तो रूपमा दिने भन्ने कुरा परिवारको प्रकृतिका आधारमा पनि मूल्याङ्कन गर्न सकिन्छ ।
परिवारको किसिमको आधारमा महिलाको शैक्षिक विवरणलाई तलको तालिकाद्वारा प्रस्तुत गरिएको छ ।

**तालिका ८**

**परिवारको प्रकृतिको आधारमा महिलाको शैक्षिक अवस्था**

| क्र.सं. | विवरण | एकल परिवार | संयुक्त परिवार | जम्मा | |
|---|---|---|---|---|---|
| | | | | संख्या | प्रतिशत |
| १ | निरक्षर | ७ | ४ | ११ | १९.४४ |
| २ | साक्षर | ६ | २ | ८ | १३.४४ |
| ३ | प्रा.वि. | ५ | ३ | ८ | १३.८८ |
| ४ | नि.मा.वि. | ६ | ४ | १० | १९.४४ |
| ५ | मा.वि. | ५ | ४ | ९ | १६.६६ |
| ६ | उ.मा.वि. | ३ | ३ | ६ | ११.५९ |
| ७ | क्याम्पस | – | ३ | ३ | ५.५५ |
| | जम्मा | ३२ | २३ | ५५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७९

माथिको तालिका अनुसार यस अध्ययन क्षेत्रमा लिएको ५५ घरधुरीको सर्वेक्षणको आधारमा हेर्दा परिवर्तित परिस्थितिमा संयुक्त परिवारभन्दा एकल परिवार प्रति विभिन्न जनसमुदायको आकर्षण बढ्दो रहेको यस अध्ययन क्षेत्रमा पनि पाइयो । संयुक्त परिवारमा भन्दा तुलनात्मक रूपमा एकल परिवारमा उच्च शिक्षा पढेका महिला बढी रहेको पाइयो ।

**समाजमा दाइजो दिनेहरूको प्रतिस्पर्धात्मक अवस्था**

अध्ययनमा संलग्न गरिएका महिलाहरूले भोग्नु परेका हिंसाको विवरणलाई विश्लेषण गर्दा उनीहरूको रोजगारीको अवस्था बारेमा पनि जानकारी लिन आवश्यक हुन्छ । जसलाई तलको तालिकाद्वारा प्रस्तुत गरिएको छ ।

**तालिका ९**

**रोजगारी सम्बन्धी अवस्था**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | माछापालन | २३ | ४१.६६ |
| २ | सिलाई | १८ | ३३.३३ |
| ३ | शिक्षिका | १४ | २५ |
| | जम्मा | ५५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७९

माथि प्रस्तुत गरिएको तालिकामा अनुसन्धानमा संलग्न गरिएका ५५ जना महिलाहरूको रोजगारीको अवस्थाको विवरणलाई प्रस्तुत गरिएको छ । उक्त तालिकामा देखाइएको रोजगारीको

विवरण अनुसार सबैभन्दा बढी माछापालनमा २३ जना वा ४१.६६ प्रतिशत महिलाहरू रहेको पाइयो भने त्यसपछि सिलाईमा १८ जना र सबैभन्दा कम शिक्षिकामा १४ जना रहेको पाइयो । यस टोलका महिलाहरूको मुख्य रूपमा रोजगारी भनेकै माछापालन गरेर जिविकोपार्जन गर्नु रहेको पाइयो ।

## परिवारको घरखर्चको अवस्था

अध्ययनमा संलग्न गरिएका महिलाहरूले आफूले कमाएको पैसालाई केमा लगाएको छ भन्ने बारेमा पनि जानकारी लिन आवश्यक हुन्छ । परिवारको खर्चको अवस्थालाई तलको तालिकाद्वारा प्रस्तुत गरिएको छ ।

**तालिका १०**

**परिवारको घरखर्चको विवरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शिक्षा | २७ | ५० |
| २ | स्वास्थ्य | २० | ३६.११ |
| ३ | खाद्यान्न | ८ | १३.८८ |
| | जम्मा | ५५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७९

माथि प्रस्तुत गरिएको तालिका अनुसार परिवारको खर्चको विवरणलाई छुट्याएको छ । यहाँका महिलाहरूले आफूले कमाएको पैसालाई सबैभन्दा बढी खर्च शिक्षामा लगाएको पाइयो भने त्यसपछि स्वास्थ्यमा र सबभन्दा कम खाद्यान्नमा लगाएको पाइयो । यहाँका महिलाहरूले आफूले शिक्षा नपाएर हिंसाको सिकारमा पुगेका र अब आफ्नो सन्तानलाई जसरी भए पनि शिक्षा दिने भन्ने भनाइ पनि पाइयो ।

## छोरीको शिक्षा सम्बधमा सामाजिक अवस्था

विवाह हुँदा आर्थिक अवस्था कमजोर भएकोले आफ्ना छोरीहरूलाई शिक्षा नदिइकन विवाह गरिदैन प्रवृत्ति बढी रहेको पाइन्छ । कोहि छोरीलाई शिक्षा दिनमा राम्रो भन्दा छन् भने कोहिले नराम्रो हो उनीहरूले घर गृहणी मात्र हुनुपर्छ भन्ने कुराहरू पनि पाइन्छ । छोरीलाई शिक्षा दिने प्रति सामाजिक धारणालाई तलको तालिकाद्वारा प्रस्तुत गरिएको छ ।

**तालिका ११**

**छोरीको शिक्षा सम्बधमा सामाजिक अवस्था**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | राम्रो | ४१ | ७५ |
| २ | नराम्रो | १४ | २५ |
| | जम्मा | ५५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७९

माथि प्रस्तुत तालिका अनुसार छोरीलाई शिक्षा दिनेप्रति सामाजिक धारणा राम्रो नै रहेको पाइयो । पहिलेका महिलाहरूले आफूले उच्च शिक्षा नलिएको र अनि बढी हामीहरूलाई अपमान गरिएको हुँदा अब हामी आफ्ना सन्तानलाई वा छोरीहरूलाई शिक्षा दिन्छौँ भन्ने महिलाहरू धेरै नै पाइयो । जसमा राम्रोमा ४१ जना वा७५ प्रतिशत देखिए भने छोरीलाई शिक्षा दिनु नराम्रो हो भन्ने १४ जना वा २५ प्रतिशत रहेको पाइयो ।

## महिला विरूद्धको घरेलु हिंसाको कारणहरू

महिला हिंसा नेपालको परिवेशमा १९७० को दशकमा व्यापक वृद्धि भइरहेको अवस्थामा अहिले जल्दोबल्दो विषयको रूपमा आएको छ । विभिन्न अध्ययनबाट हेर्ने हो भने प्रत्येक ३ जना महिलामा १ जना महिला कुनै न कुनै किसिमले हिंसाको सिकार हुनु परेको अध्ययन प्रतिवेदनहरूले देखाएका छन् । अध्ययन क्षेत्रमा संलग्न गरिएका ५५ घरधुरीका महिलाहरूको अवस्थाको बारेमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### तलिका १२

### महिला विरुद्ध हुने घरेलु हिंसाको कारणहरू

| क्र.सं. | महिला विरूद्ध हुने घरेलु हिंसाको कारणहरू | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | – गरिबी र परनिर्भरता<br>– मादकपदार्थको सेवन<br>– बेरोजगारी | २१ | ३८% |
| २ | – सामाजिक सहयोगको अभाव<br>– सामाजिकमूल्यमान्यता र उपेक्षा<br>– शिक्षाको अभाव/कमी | ११ | २०% |
| ३ | – लैङ्गिकअसमानता<br>– स्रोत साधनको पहुँचमाकमि<br>– कानूनी संरक्षणको अभाव | १७ | ३१% |
| ४ | – शक्ति र नियन्त्रणको मनोवृती<br>– जनचेतनास्तरको कमी<br>– धारणगतआग्रह र पूर्वाग्रहहरू | ६ | ११% |
| | जम्मा | ५५ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७९

माथि देखाइएको तालिकामा ५५ जनाउत्तरदाता मध्ये सबै भन्दा बढी गरिबी र परनिर्भरता, मादक पदार्थको सेवन एवम् बेरोजगारी मुख्यकारण भएको संख्या २१ रहेको छ जुन ३८% हुन आउँछ । त्यसपछि क्रमशः लैङ्गिकअसमानता, स्रोत साधनको पहुँचको कमी र कानूनी संरक्षणको अभावको कारणले १७ जनाउत्तरदाता रहेका छन् जुनकूलको ३१% हुन्छ । सामाजिक सहयोगको अभाव,

सामाजिक मूल्यमान्यता र उपेक्षा तथा शिक्षाको अभावको कारणले ११ जना उत्तरदाता महिला विरूद्धको घरेलु हिंसामा परेका छन् । जुन कूल संख्याको २०% हुन्छ । अन्तिममा, शक्ति र नियन्त्रणको मनोवृत्ति, जनचेतनास्तरको कमी र धारणागत आग्रह तथा पूर्वाग्रहको कारणले महिला विरूद्धको घरेलु हिंसा भएका छन् जुनकूल संख्याको ११% हुन्छ ।

**तालिका १३**

**महिला विरुद्ध हुने घरेलु हिंसाको स्वरूपहरू**

| क्र.सं. | तरिकाको विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शारीरक दुर्व्यवहार | १८ | ३३% |
| २ | यौन दुर्व्यवहार | १५ | २७% |
| ३ | मनोवैज्ञानिक दुर्व्यवहार | ८ | १४% |
| ४ | भावनात्मक दुर्व्यवहार | १० | १९ |
| ५ | वित्तीय दुर्व्यवहार | ४ | ७ |
| | जम्मा | ५५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७९

माथिउल्लेख गरिएको तालिकामा महिला विरूद्ध हुने घरेलु हिंसाको तरिकाको विश्लेषण गर्दा सबै भन्दा बढी १८ जनाले शारीरिक व्यवहारको तरिकाबाट महिला विरूद्धको घरेलु हिंसा हुने गर्दछ जो जम्माकूल संख्याको ३३% हुन्छ । क्रमशः दोस्रोमा यौन दुर्व्यवहारबाट १४ जनाले महिला विरूद्धको हिंसा हुन्छ जुनकूलको २७% हुन्छ । तेस्रोमा, १० जनाले भावनात्मक दुर्व्यवहार हुन्छ भनेका छन् जुनकूल संख्याको १९% हुन्छ । चौथोमा, मनोवैज्ञानिक दुर्व्यवहार रहेको छ जुनकूल संख्याको १४% हुन्छ । अन्तिममा, ४ जनाले वित्तीय दुर्व्यवहार तरिकाले महिला विरूद्धको घरेलु हिंसा हुन्छ भनेका छन् जो कूल संख्याको ७% हुन्छ ।

**तालिका १४**

**महिला विरुद्ध हुने घरेलु हिंसाका परिणामहरू**

| क्र.सं. | महिला विरूद्धको घरेलु हिंसाको परिणामहरू | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | – मानवीय पीडा एवम् क्षति<br>– मानसिक र भावनात्मक स्वास्थ्यको समस्या | ३० | ५५% |
| २ | – सामाजिकविभेदको संरक्षण<br>– सामाजिकअलगाव | १५ | २७% |
| ३ | – बेरोजगारी तथाआर्थिक क्षति<br>– बालबालिकामानकारात्मकप्रभाव | १० | १८% |
| | जम्मा | ५५ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७९

माथिको तालिकामा महिला विरूद्ध हुने घरेलु हिंसाको परिणामहरूलाई विश्लेषण गर्दा, सबैभन्दा बढी ३० जनाउत्तरदाताले मानवीय पीडा एवम् क्षति र मानसिकतथाभावनात्मक स्वास्थ्यको समस्यालाई महिला विरूद्धको घरेलु हिंसाको परिणाम मानेका छन् । जुनकूल संख्याको ५५% हुन्छ । दोस्रोमा, १५ जनाउत्तरदाताले सामाजिकतथा लैङ्गिकविभेदको संरक्षण र सामाजिकअलगावलाई महिला विरूद्धको घरेलु हिंसाको परिणाम हुन्छ जुनकूल संख्याको २७% हुन्छ । अन्त्यमा, १० जनाउत्तरदाताले, बेरोजगारी तथाआर्थिक क्षति र बालबालिकामानकारात्मकप्रभावलाई महिला विरूद्धको घरेलु हिंसाको परिणाम मानेका छन् जुनकूल संख्याको १८% हुन्छ ।

## सारंश र निष्कर्ष

यो अनुसन्धान कञ्चनपुर जिल्लाको भीमदत्त न.पा. १८, शिवशंकरटोलमा रहेका महिलाहरूले भोग्नु परेको घरेलु हिंसा र उनीहरूसँग जोडिएका सामाजिक, आर्थिक, राजनैतिक, पारिवारिक, शैक्षिक लगायतका विषयवस्तुसँग प्रत्यक्ष अप्रत्यक्ष रूपमा जोडिन आउने कुराहरूलाई उजागर गरी केही मात्रामा प्रस्फुटन गर्ने कोशिस गरिएको छ । नेपालको परिवेशमा दिनानुदिन वृद्धि भइरहेको हिंसाको मुख्य केन्द्रविन्दु महिलाहरू भएको वर्तमान अवस्था र प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा परिवारमा हिंसा भोग्न बाध्य भएका महिलाहरूलाई उत्तरदाताको रूपमा समावेश गरी उनीहरू माथि भएको हिंसाको बारेमा बुझ्ने प्रयास गरिएको छ ।

कञ्चनपुर जिल्लाको भीमदत्त नगरपालिका वडा नं. १८ शिवशंकर टोलका २३६ घरधुरी मध्ये बाट ३६ घरधुरीका महिलाहरूलाई उत्तरदाताको रूपमा संलग्न गरिएको अध्ययनमा महिलाहरूसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुराकानी, अवलोकन, घरधुरी सर्वेक्षण जस्ता कार्यबाट महिलाहरूले भोग्नु परेको घरेलु हिंसाको बारेमा मुख्यतया तथ्यको नजिक पुग्ने प्रयास गरिएको छ । अध्ययनमा संलग्न गरिएका ५५ जना महिलाहरूको पारिवारिक स्थिति, आर्थिक, सामाजिक, राजनैतिक, वैवाहिक स्थिति, घरेलु हिंसाका कारणहरू, रुपहरू एवम् परिणामहरू खोतल्ने प्रयास गरिएको छ ।

शिवशंकर टोलका महिलाहरूको दयनीय अवस्था रहेको र यस्तो अवस्थामा बसी राखेको महिलाहरूको यस शोधपत्रमा आर्थिक, सामाजिक पक्षको अध्ययन गरिएको छ । जुन अध्ययनले गर्दा उनीहरूको दैनिक, चालचलन, रीतिरिवाज समस्याको बारेमा केही रूपमा जानकारी मिलेको छ । यस टोलमा पुरूषहरूको बाहुल्यता रहेको पाइयो भने विवाहको निर्णय गर्दा आमाबुवाको निर्णय अन्तिम हुने पाइयो त्यहाँका महिलाहरूको मागी विवाह नै पहिलो रोजाई रहेको पाइयो । यहाँका मानिसहरूको देवी देवताप्रति पूर्ण विश्वास रहेको पाइयो । महिलाहरू विद्यालय जानु पर्छ पढ्नु पर्दछ भन्ने चेतना हुँदा हुँदै पनि सामाजिक र आर्थिक समस्याको कारण अझैं पनि शिक्षाबाट वञ्चित नै हुनु परेको छ । महिलाहरूलाई पढ्ने समयमा पनि घरायसी कार्यमा नै बढी जोड दिइने भएकोले महिलाहरूले समाजमा उच्च शिक्षा हासिल गर्न नसकेको पाइयो । महिलाहरूले खेतवारी नै सम्हालेको र घर चलाएको पाइयो । महिलाहरूले घरको खेतवारीको कार्य अनिवार्य रूपमा गर्नुपर्ने र अविवाहितले त्यही कार्य अनिवार्य सिक्नु पर्ने पाइयो । महिला हिंसा हुने विभिन्न कारणहरू रहेको पाइन्छ । सामाजिक, आर्थिक, सांस्कृतिक कारणले पनि महिला हिंसा हुने गरेको पाइयो । केहि कुराहरूको निर्णय गर्दा वा केहि काम गर्नु पूर्व महिलालाई नसोधि वा उसको कुरा नसुनेर पुरूषलाई नै सोध्ने र उसकै भनेको जस्तो गर्न पाइयो ।

नेपालमा महिला विरूद्ध हुने घरेलु हिंसा एक गम्भीर समस्याहो । यस अध्ययनले महिलामाथि हुने घरेलु हिंसाको गम्भीर मुद्दालाई उजागर गरेको छ । यस अध्यनले यो पनि पत्ता लगायो कि पुरुषको श्रेष्ठता र महिला अधिनतामा सांस्कृतिक विश्वासले महिलाहरू प्रति अपमानजनकव्यवहारको सामान्यीकरणमा ठूलो योगदान पुऱ्याउँछ ।

यस अध्ययनमा खास गरी महिलाले आफ्नो पुरुष साथी (श्रीमान)बाट शारीरिक यौन हिंसाको सिकार भएका छन् । यो महिला विरूद्धको घरेलु हिंसाले शारीरिक दुर्व्यवहार, यौन दुर्व्यवार, भावनात्मक दुर्व्यवहार र मनोवैज्ञानिक दुर्व्यवहार लगायत धेरै रुपहरू लिएको छ ।

महिला विरूद्धको घरेलु हिंसाले पीडितहरूको लागि गम्भीर शारीरिक र मानसिक स्वास्थ्य समस्याका परिणामहरू जस्तै चोट पटक, अशक्त, मृत्यु, बेरोजगारी, आर्थिक क्षय, तनाव, निराशा, डर त्रास आदि समावेश छन । घरमा यस्ता दुर्व्यवहारको साक्षी वा अनुभव गर्ने बालबालिकाहरूमा पनि नकारात्मक प्रभाव पर्दछ ।घरेलु हिंसाको सिकार भएकाव्यक्तिहरूसँग जोडिएको सांस्कृतिक र सामाजिक लाञ्छनाका साथै पीडितहरूलाई कानूनी संरक्षण र सहयोगको अभावको कारण नेपाली समाजमा घरेलु हिंसाको घटना प्राय हुने गर्दछ ।

नेपाल सरकारले महिला विरूद्धको घरेलु हिंसालाई अपराधिकरण गर्ने कानूनहरूको निर्माण गर्ने र पीडितहरूको लागि सहायता सेवाहरू प्रदान गर्ने लगायतका मुद्दालाई सम्वोधन गर्न कदम चालेको छ । तथापी, यी कानूनहरूको कार्यान्वयन प्राय कमजोर हुन्छ र पीडित पक्षले आवश्यक सहयोग र स्रोतहरूमा पहुँच पाउँदैनन् । समग्र समाजले नै महिला विरूद्धको घरेलु हिंसा विरूद्ध कडा अडान लिनु पर्ने र यसलाई सक्षम बनाउने, सांस्कृतिक एवम् धार्मिक मान्यताहरूलाई परिवर्तन गर्ने दिशामा काम गर्नु महत्वपूर्ण हुन्छ । यस अध्ययनमा, घरेलु हिंसाका खतराहरू बारे जनतालाई शिक्षित गर्नु, बाँचेकाहरूलाई सहयोग प्रदान गर्नु र अपराधीहरूलाई उनीहरूको कार्यहरूको लागि जवाफदेही बनाउनु पर्ने देखिन्छ ।

## सन्दर्भ सूची

काफ्ले, रामेश्वर(सन्२०११), जनसंख्या अध्ययन दिग्दर्शन, जुपिटर प्रिन्टिङ एण्ड पब्लिसिङ हाउस प्रा.लि., काठमाडौं ।

काफ्ले, रामेश्वर(सन्२०१६), जनसंख्या अध्ययन दिग्दर्शन, जुपिटर प्रिन्टिङ एण्ड पब्लिसिङ हाउस प्रा.लि., काठमाडौं ।

नेपाल सरकार, जनसंख्या तथा वातावरण मन्त्रालय,फाइनल प्रतिवेदन (२०७८), केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं ।

गौतम, हरी.(2014) सुर्खेत जिल्लामा महिला विरूद्ध हुने घरेलु हिंसाको एक अध्ययन, सुर्खेत जिल्लाको शहरी क्षेत्र र ग्रमीण क्षेमा महिला हिंसाको तुलनात्मक अध्ययन, समाजशास्त्र विभाग, कीर्तिपुर, काठमाडा ।

गौतम, टिकाराम (२०६७), लैङ्गिक अध्ययन, एकेडेमिक बुक सेन्टर, कीर्तिपुर ।

थपलिया, उषा (२०७४), के हो महिला हिंसा?,नारी अभिलेखालय, काठमाडौं, नेपाल ।

थपलिया, शान्ता (सन्२०१७), महिला हिंसा उन्मूलनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयासहरू, काठमाडौँ, नेपाल ।

थपलिया,शान्ता (२०७५), महिला हिंसा उन्मूलनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयासहरू, काठमाडौँ, नेपाल ।

नेपाल सरकार, नेपालको अन्तरिम संविधान(२०६३), सिंहदरबार, काठमाडौँ, नेपाल ।

भाषिन,कमला(२०७२), पितृसत्ता के हो? नेपाली अनुवाद स्त्रीशक्ति, काठमाडौँ ।

Bhatia, A.R., Singh.M.S., and Marwah, M.R.(2013). *Transforming South Asia: Imperatives for Action Imperatives for Action.* KW Publishers Pvt Ltd.

Katuwal, S. K. (2013). *Domestic Violence Against Married Women: A Case Study of Barahathawa VDC of Sarlahi District*. Department of Sociology, Kathmandu.

Shakya, A. (2017). *The UNICEF policy program of Child-Friendly School in practice in Sunrise Boarding School*. fi= Lapin yliopisto| en= University of Lapland|.

Singh, A. (2013). Domestic Violence Time for Action, Kathmandu, Himalayan Times (2013).

Solotaroff, J. L., & Pande, R. P. (2014a). Learning from Interventions to Address Violence against Women and Girls.

Solotaroff, J. L., &Pande, R. P. (2014b). *Patterns of Violence against Women and Girls in South Asia*.

UNICEF. (2000). Lesson from South Asia to end violence against women and girls, breaking the Earthenware Jar. *United Nations Children's Fund Regional Office for South Asia, UNICEF Regional Office, and Kathmandu*.

UNICEF. (2017). *Lesson from South Asia to end violence against women and girls, breaking the Earthenware Jar,* Kathmandu. United Nations Children's Fund Regional Office for South Asia.

World Health Organization. (2020). Clinical management of rape and intimate partner violence survivors: developing protocols for use in humanitarian settings.

World Health Organization. (2021). *Violence against women prevalence estimates, 2018*: global, regional, and national prevalence estimates for intimate partner violence against women and global and regional prevalence estimates for non-partner sexual violence against women, Kathmandu, Nepal.